# मपाईंको महत्व

*सुलोचना जोशी*

एक दिन एकजना मेरा परिचित व्यक्तिले मसँग भने “हेर ! तिमी आफ्नो जीवनमा माथि उठ्न चाहन्छौ भने पहिले आफूले आफैंलाई माथि उठाउन सिक । तिमीले माथि उठ्नु पहिले मपाइँ बन्न सिक । आफैंले आफैंलाई मपाइँ बनाउन सक्यौ भने मात्र तिमीलाई अरूले तपाईं भन्नेछन् नत्र त धपाइहाल्छन् है ।”

उनको कुरा सुनेर मलाई अचम्म लाग्यो । अरूले तपाईं भनोस् नभनोस् आफैं कोही मपाईं हुन्छ र ? अरूले तपाईं भने पो त ! हुन त भैरव अर्यालले पनि आफ्नो मपाईं निबन्धमा यस्तै कुरा लेखेका छन्, फेरि कविशिरोमणि लेखनाथले पनि “ज्यादै सोझो हुनुभन्दा टेढिनु छ फलाधिक” भनेर मानिसले सोझो मार्ग अपनाएर केही प्राप्त गर्न सक्दैन भन्ने सङ्केत गरेका छन् । समाजमा पनि “सोझो हातले घिउ आउँदैन” भन्ने उखान प्रचलित नै छ । तर मलाई लाग्थ्यो इमान्दारीपूर्वक कार्य गरेर तपाईं बन्न सक्यो भने मात्र त्यो उपाधि दिगो रहन्छ, ढाँट र छलकपटले पनि कोही मपाईं हुँदैमा सबैले उसलाई तपाईं भन्लान् र ? राम, कृष्ण र बुद्धलाई आजसम्म पनि मानिसले पूजा गर्दैछन् किन ? किन भने उनीहरू आफ्नै कर्मद्वारा मानिसभन्दा माथि उक्ले, त्यसैले उनीहरू पूजिए, सीता, सावित्री आफ्नै कर्मद्वारा उदाहरणीय र अनुकरणीय बने । उनीहरू मपाईं बनेर तपाईं बनेका होइनन् सत्कार्यद्वारा नै तपाईं बनेका हुन् । तर संसार मैले सोचेको जस्तो रहेनछ । यहाँ जसले फटाइँ गर्छ, जसले चिप्लो घस्छ त्यही माथि उठ्ने रहेछ र तपाईं बन्दो रहेछ ।

मैले सुनेकी थिएँ कि राणाकालमा जसले जति चाकरी गर्न सक्थ्यो ऊ त्यति नै उँभो लाग्थ्यो रे त्यसैले चाकरीवालहरू आफ्नो काम एकातिर पन्छाएर चाकरीमा धाउँथे रे । चाकरी गराउनेहरू पनि आफ्नो चाकरी गर्नेहरूको लेखाजोखा राख्थे रे अनि मौका आउँदा उनीहरूलाई नै मौका दिन्थे रे । हुन त नेपालमा अझै पनि कुनै कार्य प्रणाली चित्त बुझेन भने राणा शासनजस्तो भनेर उपाधि दिँदैछौं, तर आफै आत्मा साक्षी राखेर केलाउँदै भन्नुहोस् त के अहिले कुनै पनि कुरामा त्यो शासनकालभन्दा अहिलेको शासन प्रणाली कम भएको छ त ? राणाहरूको हातबाट बागडोर खोसिएको पनि अर्धशत वार्षिकी भइसक्यो । जनताले प्रजातन्त्र पाएको यतिका वर्ष बितिसक्दा पनि उनीहरूले त्यसबेलाको कठोर शासनमा भन्दा केही राहत पाएका छन् त ? न त कसैले राणाहरूको मनोवृत्तिलाई नै पन्छाउन सके । पहिले पहिले त राणाहरूको मात्र चाकरी गरे पुग्थ्यो । हेर्नुहोस् न प्राचीनकालमा पनि पुराणहरूमा उल्लेख भएअनुसार कोही मानिस महादेवको तपस्या गर्थे कोही विष्णुको तपस्या गर्थे । उनीहरू पनि एउटै देउताको तपस्या गरेर जीवनमा सफल हुँदै मोक्ष प्राप्त गर्थे रे, तर अहिलेको समाजमा त सबैले सबैको चाकरी गर्नुपर्ने । सिङ्गो समाज नै चाकरी खोज्ने ।

चाकरी नगरी त एक पाइला पनि अघि सार्न नसकिने भएको छ त्यसैले पहिले चाकरी गर्नुहोस् र मपाईं बन्नुहोस् । मपाईं बनेपछि तपाईं बनिहाल्नु हुनेछ । हिजोआज ढाँट, छल र कपटकै जमाना छ । टेलिफोन डाइरेक्टरी हेरेर दुईचार जना मन्त्रीको फोन नं. टिपिहाल्नुहोस् अनि दुईचारजना मानिसको अघिल्तिर नम्बरमा होइन हावामा फोन डायल गरेर मन्त्रीसँग हावामै कुरा गर्नुहोस् तपाईंका पछि लाग्नेको सङ्ख्या त्यसै बढ्नेछ । कुनै गोरु बेचेको साइनो ठूला मानिस छन् भने उसले आफूलाई नचिने पनि आफ्नो परिचय उसैको नामबाटै गराउनुहोस् अनि मपाईं बन्नुहोस्, त्यति भएपछि तपाईं तपाईं बनिहाल्नु हुनेछ । यस्तो अदृश्य चाकरीले त तपाईंको जीवन सपार्छ भने देखिने चाकरीले त नसपार्ने कुरै भएन । जता हेर्‍यो उतै चाकरीको चकचकी भएको बेला चाकरी गर्न नचुक्नु होला है ।

यदि तपाईं कर्मचारी हुनुहुन्छ भने कामभन्दा बढी हाकिमको चाकरी गर्नुहोस् तपाईंको प्रमोसन चाँडै हुनेछ । विद्यार्थी हुनुहुन्छ भने पढ्नमा भन्दा गुरुको चाकरीतिर ध्यान दिनुहोस्, उत्तीर्ण भइहाल्नु हुनेछ । गुरुवर्ग भए पढाउनुभन्दा विद्यार्थीहरूको मनसाय बमोजिम कार्य गर्नुहोस्, पढाउन जान्नेमा दरिनु हुनेछ । व्यापारीवर्ग भए मारवाडीको र व्यापार मन्त्रीहरूको चाकरी गर्नुहोस् तपाईंको व्यापार चम्कनेछ । लेखकमा दरिन चाहनुहुन्छ भने यताउताको टिपटाप पारेर प्रकाशकको चाकरी गर्नुहोस् अनि कुनै अलि ख्यातिप्राप्त मानिसको चाकरी गरेर भूमिका लेख्न लगाउनुहोस्, त्यति मात्र हैन टिपन(टापन गरेरै भए पनि दुईचारवटा पुस्तक छपाइ हाल्नुहोस् र

पैसा खर्च गरेरै भए पनि एकजनाले अर्काको प्रशस्ति लेख्ने सम्झौता गर्नुहोस् र त्यति भएपछि तपाई साहित्यकारमा दरिनु हुनेछ र तपाईंका सन्तानले पुरस्कार समिति गठन गराइदिए भने त इतिहासमा अमर बनिहाल्नुभयो नि । चोरी चकारी वा चाकरी नै गरेर भए पनि एउटा महेन्द्र विद्याभूषण पाउनुभयो भने तपाईंको ल्याकत कसले हेर्छ र ? ख्यातिप्राप्त र जान्ने डाक्टर भनाउन चाहनु हुने कुनै डाक्टर हुनुहुन्छ भने आफ्नो परिवार वा अरू चम्चाहरूलाई लगाएरै भए पनि तपाईंजस्तो जान्ने कुनै डाक्टर छैन भनेर अरू समक्ष प्रचार गर्न लगाउनुहोस् तपाईंको क्लिनिकमा बिरामीहरूको ओइरो लाग्नेछ । लट्ठीकै भरले जितेर आएको भए पनि जनताको विश्वासले जितेर आएको भनी धाक लगाउनुहोस् तपाईंजस्तो कोही नेता हुने छैनन् । बाबुको घर त तपाईंले रोजेर पाउने कुरो भएन धनी गरिब जेजस्तो भए पनि व्यहोर्नै पर्छ तर ससुरालीचाहिं छानेर धनी नै केलाउनु होस् किनभने आजको जमाना फलानोको छोरो भनाउनुभन्दा फलानोको जुवाइँ भनेर चिनाउने जमाना छ, त्यसैले ससुराली केलाउनमा भूल नगर्नु होला । बाबु गरिब भए पनि केही छैन, तर ठूलाबडाको जुवाइँ बन्ने मौका पाउनुभयो भने तपाईंलाई कसले हेप्ने ? आफूले आफैंलाई मपाईं बनाउने प्रयत्नमा लाग्नुहोस्, मपाईं हुनुभयो भने तपाईं त पछि(पछि आइहाल्छ नि ।

जे जसो गरेर भए पनि एक फेरा विदेश जाने मौका छोप्नुहोस् विदेशमा बस्दा तपाईंले के कस्तो काम गरेर पैसा कमायौ ? भनेर कसैले सोध्ने आँटै गर्दैनन् चाहे तपाईंले त्यहाँ चिहानै खने पनि, कप्तानै बने पनि वा चरित्र बेच( बिखन गरेर काललाई निम्त्याउँदै पैसा बटुल्नुभएको छ भने पनि नेपाल फर्केर करोडपति बनिहाल्नु हुनेछ ।

मृत्यु त अवश्यम्भावी छँदैछ । तपाईंको मृत्यु भयो भने पनि तपाईंले जोडिदिएकै सम्पत्तिबाट तपाईंका छोराछोरीले तपाईंको प्रतिमा स्थापित गरिहाल्छन् अनि वर्षमा एक पटक तपाईंको प्रतिमामा माल्यार्पण गर्ने सभाको आयोजना गर्नेछन् । त्यति भएपछि तपाईं मपाईंकै माध्यमले अमर भइहाल्नु हुनेछ । शरीर जाबो त के हो र ? जन्मेपछि एक दिन त छाड्नै पर्छ । सत्यलाई अँगालेर अरूले तपाईं भन्लान् भन्ने न ठान्नुहोला । यस्तो सोचाइ राख्नुहुन्छ भने कुकुर बिरालो मरेझैं मर्नु हुनेछ । आफूले आफैलाई मपाईं बनाउनुहोस् अनि मात्र तपाईंको जीवन सार्थक हुनेछ । चकारको चकचकी सर्वत्र फैलिएको छ, चकारको महत्व कस्तो छ त हेर्नुहोस् ( चतुरो चलाख व्यक्ति चम्चै भएर पनि चाकरी र चाप्लुसी गर्दै चाम्रो भएर ठूलाबडाको गोडामा चिल्लो घस्दै चिप्लो पारेर अरूको चुक्ली लगाउँदै, चेवाचर्चा गर्दै चेपारो पार्दै चैते हुरी र डढेलोझैं बनेर अरूलाई उडाउँदै फाल्दै वन सफा पार्दै चोचोमोचो मिलाएर चोरीचकारी गर्दै, चौतर्फी विकास गर्ने निहुँमा चम्चागिरी गर्दै मोजमस्तीको पिङमा चहचह हुइय गर्दै भुल्न पाउँछन् भने बाह्रखरीमा चकारजस्तो बलियो र सक्षम अरू कुनै वर्ण छ त ?

प्रजातन्त्र आएपछि नेपालमा कुनै चिज फस्टाएको छ भनेर त्यो हो चाकरी । जनताहरू सांसद र मन्त्रीहरूको चाकरी गर्छन् आफ्ना कार्यहरू छिटोछरितो गराउन । सरकार विदेशको चाकरी गर्छ अनुदान र ऋण सहयोग भित्र्याउने र देशको नाउँमा आफ्नो ढुकुटी भर्न । हुँदा हुँदा अब त पार्टीको पनि चाकरी गर्नुपर्ने । पार्टीको चाकरी गरेन भने त बगरको ढुङ्गाभन्दा मूल्यहीन भएर फ्याँकिनु पर्छ । यदि तपाईं कुनै पार्टीको सदस्य बन्नुभएको छैन र मानवताको जतिसुकै सेवा गर्नुभएको छ भने पनि तपाईं बेकम्मा ठहरिनु हुनेछ । समय र मौकाअनुसार पार्टीको चाकरी गरिहाल्नु भयो भने तपाईंले ज्यामिर रोपेको भए पनि सुन्तला टिप्न पाइहाल्नु हुनेछ । चाकरी प्रथा भन्ने बित्तिकै राणाहरूलाई गाली किन गर्ने ? अहिलेसम्म त्यस्तो प्रथा नराम्रो भन्दा भन्दै कसैले त्यसलाई पन्छाउन सकेका छैनन् भने उनीहरूलाई मात्र किन दोष दिने ? अहिले त झन् बोलीचालीमा उनीहरूकै नक्कल गरिरहेछन्, वेषभूषा र रहनसहन उनीहरूकै जस्तो मूल्यवान बन्दै आएको छ चाकरी प्रथामा उनीहरूकै नक्कल छ । सम्पत्ति कुम्ल्याउन पनि के अहिले राणाहरूभन्दा कोही कम छन् ? राणाहरूले इनार खनाएर सुनचाँदी हीरा जुहारात भरेका थिए रे । उनीहरूले त आफ्नै घरभित्र इनार खनाएका थिए । इनारभित्र जे जति अटाउँथ्यो ती सब देशभित्रै हुन्थे । तर अहिले जति हाले पनि अटाउने विदेशी इनारमा पो सम्पत्ति थन्क्याउन थालेका छन् । हामी कुनै मुखले राणाकाललाई गाली गर्छौं के अहिले शोषण र अत्याचारमा कुनै कमी आएको छ कि चाकरी प्रथामा ?

अहिले हाम्रो वर्णमालामा चकारपछि मकारकै स्थान आउँछ । यदि तपाईं मपाईं बन्न चाहनुहुन्छ र चकारको पछि लाग्न सक्नुभएन भने मकारलाई छाड्ने भूलचाहिँ नगर्नुहोला । देशले जति ऋण बोक्नु परे तापनि जनता चुइँक्क बोल्ने छैनन् र बोक्न गाह्रो मान्ने छैनन्, किनभने नेपाली जनता भारी बोकेरै संसारको सबभन्दा अग्लो चुचुरो हिमाल चढ्न सफल छन् । नेपालीको शरीरमा सधैं तातो रगत बगिरहेकै छ । जति चुसे तापनि उनीहरू ऐच्या

आत्था गर्न जान्दैनन् किनभने उनीहरू जातैका बहादुर छन् त्यसैले जनतालाई जति चुस्न मन लाग्छ चुस्नुहोस् । मपाईं बनेर धोखाबाजी गर्दै मारकाटलाई अघि सार्दै मानवजातिको कल्याण गर्ने भन्दै मितव्ययिता अपनाउँदै, ठूलाबडासँग मित्रता बढाउँदै, आफ्नो धनमा वृद्धि गराउँदै जानुहोस् र आफ्नो मूल जरोलाई बलियो पार्नुहोस् ता कि कसैले तपाईंलाई हल्लाउन र उखेल्न नसकुन् । जति पनि फाइदाजनक वस्तु छन् ती सब मेरा हुन् मैलाई चाहिन्छ भन्दै गतिला मोटर पनि लिइहाल्नुहोस् र त्यसमा चढेर मौकाअनुसार ठाउँ(ठाउँका मौलाहरूमा सीधासादा जनताको बलि चढाउँदै मन्दिर(मन्दिर धाएर पूजा अर्चना गरिहाल्नुहोस्, त्यति गरेपछि तपाईंले जीवनमा भालुल बेस्सरी मन पराउने महैमह खान पाइहाल्नु हुनेछ । अनि मपाईंबाट तपाईं बनिहाल्नु हुनेछ ।

त्यसैले समाजमा रहेर मपाईं नै पहिले बन्नु पर्दोरहेछ नत्र त्यो कहिल्यै तपाईं बन्न सक्दैन । मपाईं बन्न गाह्रो पनि छैन, तर एकैचोटि तपाईं भनाउन निकै गाह्रो छ जतिसुकै बुद्धि र विद्या भए पनि तपाईंमा मपाईं बन्ने क्षमता छैन भने त्यो बुद्धि र विद्याका गुणहरू आजकालको घरबाट खोपा बिलाएभैंm बिलाएर जानेछ । मपाईं बन्न पनि त्यति गाह्रो छैन छलछाम र कपटलाई मात्र अँगालेपछि मपाईं बनिन्छ अनि त मपाईंको पछिपछि तपाईं लुरुलुरु लागेर आउने रहेछ । त्यसैले तपाईंभन्दा मपाईं बन्ने कोशिस गरिहाल्नुस् ।